### सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आ.व. २०७८।७९ को चौथो त्रैमासिक (बैशाख - असार) प्रगति विवरण




नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

# त्रैमासिक प्रतिवेदन (२०७९ बैशाखदेखि २०७९ असारसम्म)

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वरुप र प्रकृति

विश्वमा हरेक राज्यको प्रमुख ध्येय नागरिकको व्यक्तिगत पहिचानसहित सुरक्षा एवं हक हितको प्रवर्द्धन गर्नु हो। प्रत्येक नागरिकलाई राज्यबाट प्रदान गरिने सेवा-सुविधाहरु सरल, सहज र प्रभावकारी हुनुपर्दछ। जवाफदेही र उत्तरदायी हरेक राज्यले जनसेवा बलियो पार्न नागरिकको जनसांख्यिक तथा प्रशासनिक अभिलेख व्यवस्थापन गर्न जरुरी छ। उक्त कार्य राज्य प्रशासनको लागि आधारस्तम्भ हो। नेपालमा नागरिक पहिचानको मुख्य आधारको रूपमा जन्म दर्ता एवं नेपाली नागरिकताको प्रमाणपत्रलाई विगत लामो समयदेखि लिइँदै आएको छ। प्रविधिमैत्री प्रणालीको अभावमा एउटै व्यक्तिका विभिन्न ठाउँमा फरक-फरक पहिचान प्रयोग गर्नुपर्ने अवस्था रहेको हुँदा फरक-फरक परिचयपत्रहरूलाई एकीकृत गरी जैविक विवरण सहितको एउटै परिचय नम्बर प्रयोग एवं अभिलेख राख्नुपर्ने आवश्यकता महशुस हुन गयो। यसै सन्दर्भमा नागरिकका जैविक तथा वैयक्तिक तथ्यांक खुल्ने विवरण संकलन, भण्डारण र परिचयपत्र वितरण गर्ने उद्‌देश्यले मिति २०७५ आश्विन २८ को नेपाल सरकारको निर्णयबाट गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको केन्द्रीय पञ्जीकरण विभाग एकीकरण गरी गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्थापना भयो। यस विभागबाट मुलत: तीन किसिमका कार्यहरु सम्पादन हुने गरेको छ। जसमा राष्ट्रिय परिचयपत्र, पञ्जीकरण र सामाजिक सुरक्षा सम्बन्धी कार्यहरु पर्दछन्। उक्त कार्यहरु प्रमुख रुपमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ र सामाजिक सुरक्षा ऐन, २०७५ तथा सामाजिक सुरक्षा नियमावली, २०७६ बमोजिम व्यवस्थित एवं सञ्चालित हुने गरेका छन्।

विभिन्न मुलुकहरूमा सफल रुपमा प्रयोग गरिएको अभ्यास नेपालले पनि प्रयोगमा ल्याउन खोजेको अवस्था हो। प्रचलनमा रहेका विभिन्न किसिमका परिचयपत्रहरूलाई एकीकृत गर्न जैविक विवरण सहितको एउटै डिजीटल परिचय नम्बर प्रयोग गरी व्यक्ति पहिचान गर्ने राष्ट्रिय परिचय व्यवस्थापन प्रणालीको उद्‌देश्य हो। सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रूपमा बहुउपयोगी बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने उद्‌देश्य, सर्वप्रथम आ.व. २०६६/६७ को नीति तथा कार्यक्रम अनुसार 'शान्तिसुरक्षा जनताको अपेक्षा' मार्फत अघि सारिएको थियो। तत्पश्चात नेपाल सरकारको मिति २०६७ असार १६ गतेको निर्णय मार्फत गृह मन्त्रालय अन्तर्गत रहने गरी विभागीय निकायको रूपमा मिति २०६७ श्रावण १ गते राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र स्थापना भयो। नेपालको संविधानमा उल्लिखित संवैधानिक व्यवस्था, आ.व. २०७०/७१ को बजेट वक्तव्य, तेह्रौँ योजना (२०७०/७१-२०७२/७३), र आ.व. २०७५/७६ को बजेट वक्तव्यमा समेत पृथक् नम्बरसहित बहुउद्‌देश्यीय बायोमेट्रिक स्मार्टकार्डको रूपमा राष्ट्रिय परिचयपत्र वितरण गर्ने अवधारणा ल्याइएको थियो। सो अवधारणालाई चालु आ.व. को नीति तथा कार्यक्रम र बजेटमा समेत निरन्तरता दिइएको छ। हाल सो सम्बन्धी (एकीकृत ऐन) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ कार्यान्वयनमा छ। सबै नेपाली नागरिकको वैयक्तिक तथा जैविक विवरण सहितको विवरण संकलन गर्ने, भण्डारण गर्ने, बायोमेट्रिक स्मार्टकार्ड वितरण गरी सो कार्डलाई अन्य सेवासँग आबद्‌ध गर्दै लैजाने कार्य निरन्तर भइरहेको छ। राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी कार्य मुलुकको शान्ति, सुरक्षा, सुशासन एवं समृद्‌धिसँग सम्बन्धित रहेको छ। शासकिय पद्‌दतीलाई Physical बाट Digital प्रणालीमा रुपान्तरण गर्ने यो कार्यक्रमलाई नेपाल सरकारले उच्च प्राथमिकता दिई चालु पन्ध्रौं योजनामा रूपान्तरणकारी योजना (Game Changer Project) को रूपमा समाविष्ट गरेको छ।

व्यक्तिको जिवनमा जन्मदेखि मृत्युसम्मको अवधिभित्र घट्ने घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ-सराइ) हरूलाई स्थानीय पञ्जिकाधिकारी समक्ष दर्ता गराउने र प्रमाणपत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ। विश्वका अधिकांश राष्ट्रहरूले घटना दर्ताको सर्वमान्य सिद्धान्त अनुसार यसलाई स्थायी, अविच्छिन्न तथा अनिवार्य कार्य प्रक्रियाको रूपमा निरन्तरता दिने गरेको पाइन्छ। साविकमा जन्म, मत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ नेपालकम व्यक्तिगत घटना दर्ता सम्बन्धी नीतिगत व्यवस्था थियो भने हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ प्रचलनमा रहेको छ। व्यक्तिगत घटना दर्ताले कुनै मुलुक विषेशमा मात्र नभई अन्तराष्ट्रिय रूपमा समेत प्रभाव पारेको हुन्छ। क्षेत्रीय स्तरमा संयुक्त राष्ट्र संघको एशिया तथा प्रशान्त क्षेत्रको आर्थिक तथा सामाजिक क्षेत्र हेर्ने निकाय Economic and Social Commission for Asia and the Pacific (UNESCAP) को सन् २०१४ मा सम्पन्न भएको मन्त्रीस्तरीय बैठकले यस क्षेत्रमा व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क (CRVS) व्यवस्थापन प्रणालीको विस्तार तथा सुदृढीकरणमा जोड दिएको थियो। उक्त बैठकले सन् २०१५ देखि २०२४ सम्मको दशकलाई एसिया प्रशान्त क्षेत्रमा व्यक्तिगत घटना दर्ता दशकको रूपमा मनाउने र दशकको अन्त्य सम्ममा सम्पूर्ण व्यक्तिगत घटना दर्ताको दरमा उल्लेख्य रूपमा वृद्धि गर्दै जन्म दर्तालाई शतप्रतिशत पुर्‍याउने लक्ष्य समेत निर्धारण गरेको अवस्था छ। विभाग अल्पकालीन र दीर्घकालीन कार्ययोजना बनाई व्यक्तिगत घटना दर्ताको कार्यलाई क्रमैसँग व्यवस्थित बनाउने र सन् २०२४ सम्ममा जन्म र मृत्यु जस्ता व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुर्‍याउने लक्ष्यका साथ अघि बढिरहेको छ।

विश्वमा लोक कल्याणकारी राज्यले आफ्नो क्षमता अनुसार आफ्ना नागरिकको सुरक्षा तथा संरक्षण गर्नुपर्दछ भन्ने मान्यता अनुरूप सामाजिक सुरक्षाको अवधारणाको पार्दुभाव भएको पाइन्छ। यस अन्तर्गत सुरक्षित र मर्यादित जीवनयापनका लागि नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गरिएको हुन्छ। सामाजिक सुरक्षाको अवधारणा बेलायतमा १६ औं शताब्दीबाट र संयुक्त राज्य अमेरिकामा १९ औं शताब्दीबाट विकास भएको पाइन्छ। नेपालमा सामाजिक सुरक्षा भत्ता कार्यक्रम आ.व.२०५१/५२ को बजेट मार्फत ७५ वर्ष नाघेका ज्येष्ठ नागरिकहरूलाई वृद्ध भत्ताको रुपमा मासिक रु.१०० प्रदान गर्ने गरी प्रारम्भ भएको हो। सो कार्यक्रम पहिलो वर्ष गृह मन्त्रालय अन्तर्गत संचालित थियो भने आ.व. २०५३/५४ पश्चात् स्थानीय विकास मन्त्रालय हुँदै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत केन्द्रीय पञ्जीकरण विभागबाट संचालन भएको थियो। मिति २०७५ आश्विन २८ गतेको नेपाल सरकारको निर्णय अनुसार २०७५ कार्तिक १९ गतेबाट पुनः गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम संचालित रहेको अवस्था छ। यस कार्यक्रमलाई नगद हस्तान्तरणको रूपमा मात्र शुरुवात गरिएको भए पनि हाल राज्यबाट प्रवाह हुने बहुआयमिक क्षेत्र तथा अन्य सुरक्षात्मक issues लाई पनि समेटिएको पाइन्छ। हाल ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने, लोपोन्मुख जाति, जोखिम, सीमान्तकृत र पछाडि परेका व्यक्ति तथा समूहलाई समेट्ने प्रयास गरेको अवस्था छ। सामाजिक सुरक्षा कार्यक्रमलाई प्रविधिमा आधारित आधुनिक प्रणालीमा रूपान्तरण गरी आन्तरिक रूपमा सुधार गर्दै लक्षित समूहको बृहत्तर हितका लागि सरकारी निकाय लगायत अन्य निकायहरूको पनि महत्त्वपूर्ण साथ सहयोगको भूमिका रहन्छ। अतः यस कार्यक्रमका लागि नागरिकमा सचेतना अभिवृद्धि गराउँदै यसमा रहेका समस्या तथा चुनौतीहरूलाई नीतिगत र संस्थागत रूपमा सम्बोधन गर्न सकिएमा यसले लोकतान्त्रिक मूल्य मान्यतामा आधारित रही जनतासमक्ष राज्यको प्रत्यक्ष उपस्थितिको बोध हुने सुनिश्चित गर्न सक्दछ।

**विभागको दूरदृष्टि (Vision)**

विद्युतीय प्रणालीमार्फत सबै नागरिकको सही पहिचानको अभिलेखीकरण गरी राज्यबाट उपलब्ध हुने सेवा सुविधा र विकास निर्माणमा आबद्ध गर्दै सुशासन प्रवर्द्धनमा सघाउ पुऱ्याउने।

**विभागको ध्येय (Mission)**

- सबै नेपाली नागरिकलाई नदोहोरिने पृथक् नम्बर सहितको राष्ट्रिय परिचयपत्र प्रदान गर्ने।
- सबै नेपाली नागरिकका जन्म तथा मृत्यु लगायतका व्यक्तिगत घटना दर्ता एवं पञ्जीकरण गर्ने।
- सबै लाभग्राहीहरूको सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमार्फत वितरण गर्ने।

**विभागको लक्ष्य (Goals)**

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) को विकास, स्थापना र संचालन गर्नु।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) को विकास, स्थापना र संचालन गर्नु।

**पन्ध्रौं योजना:** पन्धौं योजनाले नागरिकका सूचना र विवरण सहितको राष्ट्रिय परिचयपत्र प्रणाली विकास गरी अर्थतन्त्रको औपचारिकीकरण तथा सुशासन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजना (Game Changer Program) का रुपमा लिएको ।

**नेपाल सरकारको नीति तथा कार्यक्रम (आ.व. २०७७/७८):** नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी आगामी तीन वर्षभित्र सबै नागरिकलाई पृथक नम्वर सहितको राष्ट्रिय परिचयपत्र वितरण गरिने कुरा उल्लेख भएको।

**डिजिटल नेपाल फ्रेमवर्क, २०७६ मा रहेको व्यवस्था:** डिजिटल नेपाल फ्रेमवर्क कार्यक्रम कार्यान्वयन योजनामा क्र.सं. १४ को पहल/संकेत ०१.१४ मा राष्ट्रिय बायोमेट्रिक परिचयपत्र लागू गर्ने व्यवस्था रहेको छ।

**आ. व. २०७८/०७९ को बजेट वक्तव्य:**

बुदा नं. ७७. जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणको अवधारणा अनुरुप गर्भावस्थामा स्वास्थ्य जाँच र पोषण; बाल्यावस्थामा निशुल्क खोप, पोषण, आधारभूत शिक्षा र छात्रवृत्तिको व्यवस्था; युवावस्थामा शिक्षा, स्वास्थ्य र रोजगारीको प्रत्याभूति; वृद्धावस्थामा नि:शुल्क उपचार र मर्यादित जीवन सुनिश्चित गर्न सरकार प्रतिवद्ध छ। सबै प्रकारका सामाजिक सुरषा भत्तामा ३३ प्रतिशतले बृद्धि गरी जेष्ठ नागरिकको मासिक भत्ता रु ४ हजार पुर्याईएको छ। सामाजिक सुरक्षा भत्ताको लागि रु १ खर्व विनियोजन गरेको छ।

बुदा नं. ७८. अनाथ, दलित, अपाङ्गता भएका र विपन्न परिवारका बालबालिकालाई प्रदान गरिने बाल संरक्षण अनुदानको रकममा एक तिहाईले वृद्धि गरेको छ।

बुदा नं. ३९६. दुई वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र विवरण गर्ने लक्ष्य अनुरुप आगामी वर्ष ७० लाख व्यक्तिलाई परिचयपत्र वितरण गरिनेछ। व्यक्तिगत घटना दर्तालाई विद्युतीय प्रयोगको माध्यमबाट गुणस्तरीय, सरल र सहज बनाइनेछ ।

**<u>गृह प्रशासन सुधार योजना, २०७८</u>**

**क) नीतिगत र कानूनी सूधार**

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने,
- 1 वर्षभित्र व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तर्जुमा,
- 1 वर्षभित्र एकिकृत सामाजिक लगत (ISR) सम्बन्धी कार्यविधि/मापदण्ड तर्जुमा गर्ने,
- अभियान अवधिभर राष्ट्रिय माहौल सिर्जना गर्ने र अन्तर आवद्धतामा सरोकारवाला निकायहरुको चासो र सरोकारमा अभिबृद्धि गर्ने।

**ख) शान्ति सुरक्षा र अपराध नियन्त्रण**

- राष्ट्रिय परिचयपत्रको विवरण संकलन अभियानमा शान्ति सुरक्षाको आवश्यक व्यवस्था गर्नपर्ने,

**ग) संगठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण**

- १ वर्षभित्रमा O & M Survey गरी आवश्यक कर्मचारीको दरबन्दी कायम गर्ने,
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको लागि थप भवनको व्यवस्था गर्नुपर्ने,

**घ) जनशक्ति व्यवस्थापन तथा क्षमता विकास**

- राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षासँग सम्बद्ध सबै निकायको निरन्तर संस्थागत क्षमता विकास गर्ने,

**च) सेवा प्रवाह र सुशासन**

- २ वर्षभित्र २ (दुई) करोड नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गर्ने।
- २ वर्षभित्र १ (एक) करोड नागरिकलाई राष्ट्रिय परिचयपत्रको वितरण गर्ने।
- २ वर्षभित्र व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गरी ८० प्रतिशत सम्म पुर्याउने।
- २ वर्षभित्र अनलाईन व्यक्तिगत घटना दर्ता सम्पुर्ण (६७४३) वडामा विस्तार गर्ने।
- २ वर्षभित्र सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाउने।

**छ) अध्ययन अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) लाई सुदृढीकरण गर्ने।

**ज) समन्वय सहजीकरण**

- २ वर्षभित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली (NIDMIS) सँग अन्य निकायको सेवा प्रवाह सम्बन्धी रहेका विद्युत्तीय प्रणालीलाई आवद्ध गर्ने।

**<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको काम, कर्तव्य र अधिकार</u>**

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।

- नागरिकका वैयक्तिक र जैविक विवरण संकलन, भण्डारण र प्रशोधन गर्ने।
- राष्ट्रिय परिचय नम्बर सहितको परिचयपत्र वितरण र सार्वजनिक सेवासँग आबद्धता गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी नीतिगत व्यवस्थापन गर्ने।
- व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- व्यक्तिगत घटनाको वैज्ञानिक रूपमा दर्ता एवं अभिलेखीकरण गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन नीतिगत व्यवस्थापन गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा आधुनिकीकरण गर्ने।
- व्यवस्थापन सूचना प्रणालीको विकास गरी उक्त प्रणालीमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण प्रविष्टि र व्यवस्थापन गर्ने।

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल सरकार

गृह मन्त्रालय

अनुसूची - १

### राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

**महानिर्देशक**
स.स., रा.प.प्र. (प्रशासन) - १

**प्रशासन, योजना तथा अनुगमन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**प्रशासन**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- क.अधिकृत, रा.प.तृ.(विविध) - १
- ना.सु., रा.प.अनं. (प्र./सा.प्र.) - २
- क.अ., रा.प.अनं.प्र. (विविध) - १
- ह.स.चा.श्रेणीविहीन (*करार*) - ५
- का.स. श्रेणीविहीन (*करार*) - ६

**योजना अनुगमन तथा समन्वय**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - २

**जिन्सी**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १

**आर्थिक प्रशासन**
- ले.अ., रा.प.तृ. (प्र./ले.) - १
- ले.पा., रा.प.अनं.प्र. (प्र./ले.) - १

**राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**परिचयपत्र**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं. प्र. (प्र./सा.प्र.) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

**पञ्जिकरण शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**पञ्जिकरण**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सामाजिक सुरक्षा शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**सामाजिक सुरक्षा**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सूचना प्रविधि शाखा**
सू.प्र.नि., रा.प.द्वि. (विविध) - १

**प्रणाली विकास, प्रशोधन तथा छपाई**
- क. इन्जि., रा.प.तृ. (विविध) - २
- क. अधिकृत, रा.प.तृ.(विविध) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १
- क.टे., रा.प.अनं.प्र. (विविध) (*करार*) -८

**विद्युतिय सेवा समन्वय**
- क. इन्जि, रा.प.तृ. (विविध) - १
- त.अ., रा.प.तृ.(आ.यो.त.त.) - १
- त. सहायक, रा.प.अनं.प्र. (आ.यो.त.त.) - १
- क.टे. ,रा.प.अनं.प्र. (विविध) (*करार*)-४

## जनशक्ति विवरण स्वीकृत दरबन्दी र पदपूर्ति (स्थायी र करारतर्फ)

| सि.नं. | पद | तह | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ति | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | काज | करार | |
| १ | महानिर्देशक | रा.प.प्रथम | नेपाल प्रशासन | १ | १ | - | - | 0 |
| २ | निर्देशक | रा.प.द्‌वितीय | नेपाल प्रशासन | 4 | 4 | - | - | 0 |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्‌वितीय | नेपाल विविध | 1 | 1 | - | - | 0 |
| ४ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | 10 | 7 | २ | - | १ |
| ५ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन, लेखा | 1 | 1 | - | - | 0 |
| ६ | तथ्यांक अधिकृत | रा.प.तृतीय | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | १ | 0 | - | - | 1 |
| ७ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | नेपाल विविध | 2 | १ | १ | - | 0 |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | नेपाल विविध | 3 | 2 | - | - | १ |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | 18 | 6 | ६ | - | ६ |
| १० | लेखापाल | रा.प.अनं.प्रथम | नेपाल प्रशासन, लेखा | 1 | 1 | - | - | 0 |
| ११ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | नेपाल विविध | 5 | २ | १ | 1 | 1 |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | 1 | 1 | - | - | 0 |
| 13 | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | | 10 | - | - | 9 | 1 |
| १४ | कम्प्युटर टेक्निसियन | रा.प.अनं.प्रथम | | 12 | - | - | १२ | ० |
| १५ | विवरण दर्ता अपरेटर | | | 1066 | - | - | ६८३ | ३८३ |
| १६ | हलुका सवारी चालक | श्रेणीविहीन | | ५ | - | - | ५ | 0 |
| १७ | कार्यालय सहयोगी | श्रेणीविहीन | | ८ | - | - | ८ | 0 |

| सि.नं. | पद | तह | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ति | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | काज | करार | |
| **जम्मा** | | | | 1149 | 27 | १० | 717 | 394 |

# SSSPCR आयोजनाको आयोजना व्यवस्थापन इकाईमा कार्यरत व्यक्तिगत परामर्शदाताहरु

| सि.नं. | पद | तह | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ति | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | काज | करार | |
| १ | Senior Procurement Specialist | | | 1 | | | 1 | 0 |
| २ | Financial Management Specialist | | | १ | | | ० | 1 |
| ३ | Payment Specialist | | | १ | | | ० | 1 |
| ४ | Monitoring and Evaluation Specialist | | | १ | | | ० | 1 |
| ५ | Communication Specialist | | | १ | | | ० | 1 |
| ६ | Communication Officer | | | 1 | | | 1 | 0 |
| ७ | Procurement Officer | | | १ | | | ० | 1 |
| ८ | Program Officer | | | १ | | | ० | 1 |
| ९ | MIS Team Leader | | | 1 | | | 1 | 0 |
| १० | System Analyst | | | २ | | | 1 | १ |
| ११ | Senior Database Analyst | | | 1 | | | 1 | 0 |
| १२ | Grievance Manager | | | १ | | | ० | 1 |
| 13 | Senior Software Developer | | | 1 | | | 1 | 0 |
| १४ | Senior Support Engineer | | | १ | | | ० | 1 |
| १५ | MIS Developer/ Programmer | | | ४ | | | २ | २ |
| १६ | MIS Training Support Staff | | | 4 | | | १ | ३ |
| १७ | Technical Document Writer | | | १ | | | ० | 1 |
| १८ | Assistant DBA | | | २ | | | ० | २ |
| १९ | Senior Account Assistant | | | 1 | | | 1 | 0 |
| २० | Account Assistant | | | ३ | | | ० | ३ |
| २१ | Project Admin Assistant | | | 2 | | | 2 | 0 |
| २२ | MIS Operator | | | 1000 | | | 998 | 2 |
| २३ | Field Assistant | | | 1000 | | | 99८ | २ |
| २४ | Driver (Support Staff) | | | २ | | | २ | ० |
| २५ | Office Assistant (Support Staff) | | | २ | | | २ | ० |
| **जम्मा** | | | | **2036** | **0** | **0** | **2012** | **24** |

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने सेवा**

१) प्रत्येक नेपाली नागरिकहरुलाई वैयक्तिक र जैविक विवरण सहितको स्मार्ट कार्ड प्रविधिमा आधारित परिचयपत्र उपलब्ध गराउने र सोको व्यवस्थापन गर्ने,

२) व्यक्तिगत घटना दर्ताको व्यवस्थापन गर्ने,

३) सामाजिक सुरक्षा भत्ताको कार्यक्रम व्यवस्थापन गर्ने।

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको शाखा र जिम्मेवार अधिकारी**

- पञ्जीकरण शाखाः निर्देशक, श्री मीना अर्याल
- प्रशासन, योजना तथा अनुगमन शाखाः निर्देशक, श्री लक्ष्मण ढकाल
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाः निर्देशक, श्री ललित कुमार बस्नेत
- सूचना प्रविधि शाखाः सूचना प्रबिधि निर्देशक, श्री मुकेश रेग्मी
- सामाजिक सुरक्षा शाखाः निर्देशक, श्री सागरमणि पाठक

**सेवा प्राप्त गर्न लाग्ने अवधि र दस्तुरः**

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६** र **(पहिलो संशोधन) नियमावली, २०७८** बमोजिम

**सामाजिक सुरक्षा ऐन, २०७५ (पहिलो संशोधन) र नियमावली (पहिलो संशोधन), २०७६** बमोजिम

**निर्णय गर्ने प्रक्रिया र अधिकारीः** सम्बन्धित शाखाबाट पेश भएको टिप्पणीको आधारमा महानिर्देशकबाट निर्णय हुने।

**निर्णय उपर उजुरी सुन्ने अधिकारीः** महानिर्देशक

**चौथो त्रैमासिक (२०७९ बैशाखदेखि असारसम्म) सम्पादन कार्य विवरण:**

**१. राष्ट्रिय परिचयपत्र तर्फ**

**कार्य सम्पन्न सम्बन्धी**

➢ राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन;

- हालसम्म ८०७५०४६ जना (अभियान मार्फत ६५००३६१ र इकाई मार्फत १५७४६८५)

➢ **२०७९ बैशाखदेखि असारसम्म भएका मासिक प्रगति विवरण:**

| महिना | जम्म विवरण संकलन संख्या (जना) | अभियान मार्फत विवरण संकलन संख्या (जना) | दर्ता इकाई स्टेशन मार्फत विवरण संकलन संख्या (जना) | अभियान सम्पन्न जिल्ला संख्या (वटा) | अभियान सम्पन्न स्थानीय तह संख्या (वटा) | अभियान सम्पन्न वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|
| बैशाख | 359614 | 256616 | 102998 | 1 | 22 | 228 |
| जेष्ठ | 341568 | 195409 | 146159 | 1 | 10 | 86 |
| असार | 594222 | 395127 | 199095 | 2 | 17 | 143 |
| **जम्मा** | **1295404** | **847152** | **448252** | **4** | **49** | **457** |

➢ **असार मसान्तसम्म अभियान सम्पन्न**

जिल्लाः ताप्लेजुङ, पाँचथर, संखुवासभा, ओखलढुङ्गा, झापा, तेह्रथुम, उदयपुर, खोटाङ, सल्यान,

गुल्मी, पाल्पा, नवलपरासी (बर्दाघाट सुस्ता पूर्व), चितवन, सिन्धुली, काभ्रेपलाञ्चोक, कन्चनपुर,

अछाम, डडेलधुरा, डोटी, मनाङ, नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम), कास्की, मकवानपुर, भोजपुर, इलाम, सुर्खेत, कैलाली, स्याङ्जा, भक्तपुर, धनकुटा, सर्लाही, सिन्धुपाल्चोक, रुकुम (पश्चिम), तनहूँ र पर्वत (३५ जिल्ला)

- स्थानीय तह: 383 वटा
- वडा: 3502 वटा

- **असार मसान्तमा अभियान सञ्चालनमा रहेका जिल्ला** सुनसरी, मोरङ, सप्तरी, ललितपुर, रुपन्देही, कपिलवस्तु, मुस्ताङ, बैतडी, बर्दिया, दोलखा, काठमाडौं (११ जिल्ला)।
- सर्लाही जिल्लामा अभियान सम्पन्न भए पश्चातका विवरण दर्ता स्टेशनहरु विभिन्न जिल्ला/इलाका प्रशासनमा अभियानको रुपमा थप/स्थापना गरिएको।
- **बैशाखदेखि असारसम्म भए/गरिएका तालिम/अभिमुखीकरण**

  - राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सम्बन्धी 69 जना विवरण दर्ता अपरेटरलाई ३ दिने तालिम सम्पन्न,
  - विभागमा राष्ट्रिय परिचयपत्रको अभियान संचालनको लागि रुजु अधिकारी जम्मा १७ जनालाई १ दिने तालिम सम्पन्न,

- काठमाडौं र दोलखा जिल्लाका चार वटा स्थानीय तहमा राष्ट्रिय परिचयपत्रको अभियान संचालनको लागि रुजु अधिकारी जम्मा १८० जनालाई १ दिने तालिम सम्पन्न,

- काठमाडौं,दोलखा र ललितपुर जिल्लाका जनप्रतिनिधि,जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका कर्मचारी 147 जनालाई राष्ट्रिय परिचयपत्रको अभियान संचालन सम्बन्धी १ दिने अभिमुखीकरण सम्पन्न,

## २. <u>पञ्जीकरण तर्फ</u>

- देशका ७५३ वटै स्थानीय तहहरुमा बैशाख १ गते देखि ७ गते सम्म व्यक्तिगत घटना दर्ता सप्ताह सम्पन्न भएको।
- कास्की जिल्लाको पोखरा उपमहानगरपालिका, मा पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी अनुगमन साथै सो कार्यक्रम सम्बन्धी आउने गुनासा र समस्यामा रहेर छलफल गरी आवश्यक पृष्ठपोषण गरिएको।
- विभागको बार्षिक प्रतिवेदन तयारीको लागि सवै स्थानीय तहवाट बार्षिक प्रतिवेदन माग गरि Compile गर्ने कार्य भइरहेको।
- सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प्राप्त पत्रानुसार कतिपय पालिकामा घटना दर्ता अभिलेख राख्ने क्रममा दर्ता कितावमा सिं.नं.हरु केरमेट गर्ने लगायतका कार्यहरु हुने गरेको पाईएको हुँदा उक्त कार्यहरु आगामी दिनमा नदोह्रोरियोस भनि सवै स्थानीय तहमा परिपत्र गरिएको।
- **अनलाईन मार्फत २०७९ असार मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कूल विवरण:**
  - अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या – 6202
  - जन्म -1970887
  - मृत्यु - 497145
  - विवाह - 792363
  - सम्बन्ध विच्छेद - 27325
  - बसाई सराई - 433434
  - **कूल जम्मा घटना दर्ता संख्या – 3721154**

- **अनलाईन मार्फत बैशाखदेखि असारसम्म मासिक रुपमा दर्ता भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण:**

| महिना | अनलाईन मार्फत दर्ता भएका संख्या (वटा) | |
|---|---|---|

| | जन्म | मृत्यु | विवाह | बसाइ सराइ | सम्बन्ध विच्छेद | जम्मा | अनलाइन मार्फत शुरुवात गर्ने वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|---|
| बैशाख | 54862 | 12509 | 22881 | 10839 | 1122 | 102213 | 98 |
| जेष्ठ | 85065 | 16952 | 31963 | 17129 | 1525 | 152634 | 72 |
| असार | 73733 | 15985 | 31637 | 26581 | 1686 | 149622 | 63 |
| **जम्मा** | **213660** | **45446** | **86481** | **54549** | **4333** | **404469** | **233** |

**सामाजिक सुरक्षा भत्ता तर्फ**

- चालु आ.व. ०७८/७९ को तेश्रो र चौथो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ताको लागि अपुग रकम माग गर्ने सबै स्थानीय तहहरुलाई रु. १५,10,43,08,59४ (पन्ध्र अर्ब दश करोड त्रिचालिस लाख आठ हजार पाँच सय चौरानब्बे रुपैंया) थप निकासा पठाईएको।
- सामाजिक सुरक्षा भत्ता अनिवार्यरुपमा बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने सन्दर्भमा स्थानीय तहहरुमा आइपर्ने समस्याहरुको समाधानका लागि "स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति" गठन गर्न गृह मन्त्रालयको मिति २०७८/१२/७ (सचिवस्तर) को निर्णय अनुसार सबै पालिकाहरुले सो बमोजिमको समिति गठन गर्न जानकारी पठाइएको।
- "सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा सरकार र नागरिकको भूमिका" विषयक प्रदेशस्तरीय र जिल्लास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम अन्तर्गत बागमती प्रदेशको हेटौडा, कर्णाली प्रदेशको वीरेन्द्र नगर र मधेश प्रदेशको महोत्तरीमा प्रदेशस्तरीय र बारा जिल्लामा जिल्लास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको।
- नेपाल सरकारको आ.ब २०७९/८० को बजेट बक्तब्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन समेत भईसकेको।
- सामाजिक सुरक्षा नियमावली, २०७६ को दोश्रो संशोधनको लागि प्रक्रिया अगाडि बढाइएको।
- बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकसँग सम्झौता गरेका स्थानीय तहको संख्या ७३८ वटा रहेको।
- एकिकृत सामाजिक लगत (ISR) को Framework स्वीकृत भएको,
- **असार मसान्तमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या:**
  - जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) - 1312015 (36.70%)

- जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका) - 20515 (0.57%)
- जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका) - 190092 (5.32%)
- जेष्ठ नागरिक (एकल महिला) - 275939 (7.72%)
- विधवा - 358468 (10.03%)
- पुर्ण अपाङ्गता (क वर्ग) - 62839 (1.76%)
- अति अशक्त अपाङ्गता (ख वर्ग) - 126922 (3.55%)
- लोपोन्मुख जाती - 22245 (0.72%)
- लोपोन्मुख (बालबालिका) - 292 (0.01%)
- बालबालिका (दलित) - 405978 (11.36%)
- बालबालिका (क्षेत्र तोकिएको) - 799437 (22.36%)

**लाभग्राहीको संख्या कुल जम्मा 3574742**

**<u>व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता सम्बन्धी अभिमुखीकरण तथा तालिम तर्फ</u>**

- प्रदेश नं. १, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, मधेस प्रदेश अन्तरगतका 467 स्थानीय तहका ८३२ जना MIS Operator र सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता VERSP-MIS तथा VPN द्वारा कार्यसञ्चालन सम्बन्धी प्रशिक्षक प्रशिक्षण (ToT) कार्यक्रम सम्पन्न भएको।
- मुस्ताङ जिल्लाको लोमाङथाङ गाउपालिका, संखुवासभा जिल्लाका मादी, चैनपुर, पाँचखपन नगरपालिका र चिचिला, सभापोखरी गाउँपालिका, दैलेख जिल्लाका ठाटीकाँध गाउँपालिका र चामुण्डा बिन्द्रासैनी नगरपालिका, सुर्खेत जिल्लामा विरेन्द्रनगर नगरपालिका, नुवाकोट जिल्लाको विदुर नगरपालिका, धादिङ जिल्लाको थाक्रे गाउँपालिका, काभ्रेपलाञ्चोक जिल्लाका बेथानचोक गाउँपालिका, पनौती, नमोबुद्ध, बनेपा नगरपालिका, काठमाडौं जिल्लाका किर्तिपुर नगरपालिका, चाँगुनारायण नगरपालिका र दक्षिणकाली नगरपालिकाका जनप्रतिनिधी, स्थानीय पञ्जीकाधिकारी सहित कर्मचारी र स्थानीय स्तरमा रहेका संघ संस्थाका प्रतिनिधी ७५ जना गरी **<u>कुल जम्मा 711 जना</u>** लाई अभिमुखीकरण कार्यक्रम सम्पन्न।

**<u>आ.व. २०७८/०७९ को असार मसान्तसम्मको नतिजा सूचकमा आधारित प्रगति</u>**

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समिक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | अघिल्लो महिनाको प्रगति | यस महिनाको प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | १६.९.१ | मासिक | १० | प्रतिशत | ७७ | ८५ | 1031978 | 46693 | online system मार्फत दर्ता भएको मात्र तथ्याकं |
| ५ | एकीकृत राष्ट्रिय परिचय पत्रको वितरणको लागि विवरण संकलन | १६ | चौमासिक | १० | जनसंख्या(लाखमा) | ४० | १०० | 7480824 | ५९४२२२ | हालसम्मको संकलन भएको सम्पुर्ण तथ्याकं |
| ६. | एकीकृत राष्ट्रिय परिचयपत्र वितरण | १६ | बार्षिक | १० | जनसंख्या(लाखमा) | १.२ | ३० | 117025 | 25 | 50 लाख राष्ट्रियपरिचयपत्रको स्मार्ट कार्ड प्राप्तगरी 250000 कार्ड छपाई गरी वितरण कार्य शुरुवात गरिएको, |
| ९ | बाल संरक्षण अनुदान | १६.२ | मासिक | ५ | जना (हजारमा) | ११२१ | १३५९ | 1202097 | 3610 | online system मा दर्ता भएको तथ्याकं |

## चालु आ.व.मा असार मसान्तसम्मको भौतिक प्रगति

**आ.व. २०७८/०७९ असार मसान्तसम्मको** Milestone **प्रगति विवरण**

| कार्यक्रम | मुख्य क्रियाकलाप संख्या | Milestone को संख्या | Milestone को संख्याको आधारमा प्रगति अवस्था | | | |
|---|---|---|---|---|---|---|
| | | | पूर्ण (१००% प्रगति) | आंशिक (५०-९०% प्रगति) | आंशिक (२०-५०% प्रगति) | आंशिक (०-२०% प्रगति) |
| राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता | 10 | 23 | 8 | 3 | 4 | 8 |
| सामाजिक सुरक्षा तथा | 3 | 7 | 0 | 2 | 0 | 5 |
| जम्मा | 13 | 30 | 8 | 5 | 4 | 13 |
| **प्रगति प्रतिशत** | | | 26.67 | 16.67 | 13.33 | 43.33 |

## प्रशासन र योजना तर्फ

### गुनासो सम्बोधन तर्फ

- **गुनासो व्यवस्थापन प्रणाली मार्फत प्राप्त**
  - असार महिनासम्म गुनासो दर्ता भएको संख्या: १०२२मा विभागसँग सम्बन्धित 3६१ वटा (शतप्रतिशत) फर्छ्यौट गरिएको।
  - असार महिनामा मात्र दर्ता भएको गुनासा ४७ वटा (शतप्रतिशत) फर्छ्यौट गरिएको।
- **इमेल मार्फत प्राप्त**
  - असार महिनासम्ममा प्राप्त भएका गुनासो कुल जम्मा १80 वटा गुनासो रहको मध्ये १76 वटा सम्बोधन गरिएको र 4 वटा प्रक्रियामा रहेको,

- असार महिनासम्ममा प्राप्त भएका गुनासो कुल जम्मा १6 वटा गुनासो रहको मध्ये १4 वटा सम्बोधन गरिएको र 2 वटा प्रक्रियामा रहेको,

- **हेलो सरकार मार्फत प्राप्त**
  - असार महिनासम्ममा प्राप्त गुनासा 17१ वटामध्ये १६५ फर्छ्यौट र ६ वटा प्रशोधन गरिदै रहेको,
  - असार महिनामा मात्र प्राप्त गुनासा २० वटामध्ये 18 फर्छ्यौट र २ वटा प्रशोधन गरिदै रहेको,

**वितीयतर्फ प्रगति**

ब.उ.शि.नं. ३१४०१०११३/४ चालु आ.व.२०७८/७९ को खर्चको स्थिति विवरण/खर्च प्रतिशत (रकम रु.हजारमा)

| बजेटको प्रकार | कुल बजेट | | | असार महिनासम्मकोजम्माखर्च | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | GoN | IDA | जम्मा | GoN | IDA | जम्माखर्च | GoN | IDA |
| पुँजिगत | ३५७५०० | २१३२०० | ५७०७०० | १८३९९२.१५ | ११००८१.२८ | २९४०७३.४३ | ५१.४७ | ५१.६३ |
| चालु | १५५६८७४ | ७५९३०० | २३१६१७४ | १३८३५४८.५० | ४०२०५१.९९ | १७८५६००.४९ | ८८.८७ | ५२.९५ |
| **जम्मा** | **१९१४३७४** | **९७२५००** | **२८८६८७४** | **१५६७५४०.६५** | **५१२१३३.२७** | **२०७९६७३.९२** | **७२.०४** | |

**सूचना अधिकारी र प्रमुखको नाम र पदः-**

प्रमुखः महानिर्देशक, श्री तिर्थराज भट्टराई

सूचना अधिकारीः निर्देशक, श्री लक्ष्मण ढकाल

**ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- नेपाल सरकार कार्यविभाजन नियमावली (गृह मन्त्रालयको कार्यक्षेत्रमा परेको)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, (पहिलो संशोधन) २०७८
- सामाजिक सुरक्षा ऐन, (पहिलो संशोधन) २०७५ तथा नियमावली (पहिलो संशोधन), २०७६
- सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७७
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

- राष्ट्रिय परिचयपत्र व्यवस्थापन रणनीतिक योजना, २०७५/७६ - २०७७/७८
- विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ (दोश्रो संशोधन), २०७६
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोश्रो संशोधन, २०७६)
- व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)
- नेपाल सरकारका निर्णय तथा परिपत्रहरु,

**<u>राष्ट्रिय परिचयपत्रको वेभसाईट भए सोको विवरण:</u>** https://donidcr.gov.np

**<u>सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरणः</u>** विश्व बैंकको सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना संचालन भईरहेको।

**सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** औपचारिक रुपमा सूचना माग नभएपनि विभागसँग सम्बन्धित सूचनाहरू सम्प्रेशण भैरहेको।

**समाप्त**